# अजयमेरु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# भद्रपुर, डडेल्धुरा ।

# को

# निती, तथा कार्यक्रम

# आ.व.०७५/७६

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

गउँसभाका सदस्य ज्यूहरु

नया संविधानको कार्यान्वयन संगै पहिलो पटक भएको स्थानिय तहको निर्वाचन पछि मिति २०७४।३।१९ गते सपथ ग्रहण गरी सिमित स्रोत साधन तथा जनता अधिक आवश्यकता र आकांक्षा विच नव निर्वाचीत जनप्रतिनिधहरुको १ वर्ष कार्यकाल समापनको संधारमा आएको छ । दर्जनौं पटक नेपालि जनताले शसस्त्र निशस्त्र रुपमा आन्दोलन र क्रान्ती गरेका छन, तर जनताको मुलभुत उद्येश्य पुरा हुन सकेको थिएन । पछिल्लो पटक भएको महान जनयुद्ध र त्यसैको जगमा भएको ऐतिहासिक जनआन्दोलन मार्फत देशमा संघियता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशि, समानुपातिक मुद्दाहरु संस्थागत भएका छन । आज देशमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा तीनै तहको निर्वाचन सम्पन्न देश सम्वृद्धिको वाटोमा अघि वढ्ने क्रममा रहेको छ । अव म जनप्रतिनिधीहरुको तर्फबाट सम्मानित सभासमक्ष आ.व.२०७५/७६ को निती, तथा कार्यक्रम पेश गर्न गैरहेको छु ।

सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने बाकाविर राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका भिमदत्त पन्त लगायतले गरेको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, जनतन्त्र र जनजिविकाका पक्षमा भएका जायज आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै माथि उल्लेखित आन्दोलनका क्रममा भएका बेपत्ता योद्धाजनलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाईते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु ।

स्थानिय तहँ संचालन ऐन-२०७४, नेपाल सरकार तथा प्रदेश सरकार बाट विभिन्न मितीमा जारी गरिएका निती, मार्गदर्शन, तथा सुझाव ,यस अजयमेरु गा.पा.बाट जारी भएका विभिन्न ऐन, नियमावली,कार्यविधी, आचारसंहिता कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती को बैठक को निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाउँपालिकाका अध्यक्ष ज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानुनको अनुसरण गर्दै जनताका आवश्यकता तथा प्राथमिकिकरण लाइ ध्यानमा दिइ आगामी आ.व.को वजेटको आधारको रुपमा यस अजयमेरु गा.पा.को आ.व.२०७५/७६ को निती, कार्यक्रम निर्माण गरिएको छ ।

## ***आगामी आ.व.०७५/७६ को लागी निती, तथा कार्यक्रम***

सम्मानित अध्यक्ष महोदय,
तथा सम्मानित सभाका सदस्यज्यूहरु ।

**“ शिक्षा, कृषी, स्वास्थ्य, पर्यटन र भौतिक पुर्वाधार ।**
**जनमुखी प्रशासन समृद्ध अजयमेरु को मुल आधार”**

भन्ने मुल नाराका साथ म अब आ.व.०७५/७६ को यस अजयमेरु गा.पा.को निती,तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न गैरहेको छु ।

## १. आर्थिक क्षेत्र :

### (क) कृषी :

यस गा.पा.को प्रमुख पेशाको रुपमा कृषीको ब्यावसायिकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धीको दिगो आधार तयार गर्ने निती लिईएको छ ।

- नाङ्गा डाँडा तथा घरबगैँचामा फलफुल बगैँचा स्थापना, कृषक तालिम, कृषी मेला प्रदर्शनी, कृषक अवलोकन भ्रमण, उन्नत र परम्परागत विउ वितरण, उन्नत जातको राँगा, बोका र बहर वितरण, साना सिँचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार, तरकारी नर्सरी, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह मार्फत बाख्रा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गरिने छ ।
- यस आ.व.मा सफल कार्यक्रमको रुपमा रहेको स्रोतकेन्द्रलाइ संख्यात्मक रुपमा थप गर्दै यस आ.व.मा निर्माण र संचालनमा रहेका स्रोतकेन्दमा दुग्ध चिस्यान केन्द्र, ढुवानीमा सहजीकरण लगायतको सेवा थप गरी  स्तरीकरण सवलिकरण मार्फत दुध मासु र अण्डामा आत्मनिर्भर हुने निति लिइनेछ ।
- कृषिमा  ब्यवसायीक भैसी पालना गर्ने कृषकलाइ पशु सुत्केरी भत्ता र गाउँपालिका भन्दा वाहिरवाट उन्नत जातका भैसी र गाइ आयात गरे वापत ढुवानी अनुदान उपलब्ध गराइ पशु ब्यवसायलाइ आर्कषण गर्ने निती  लिइनेछ ।
- ब्यवसायीक कृषकलाइ परीचय वितरण गरीने कार्यकम संचालन गरीनेछ ।
- सबैलाइ कृषि पेशामा आर्कषण गरी नमुनाको रुपमा कम्तिमा एक गाउँलाइ नमुना कृषि गाउको रुपमा विकास गरी कमस आगामी वर्षवाट यस लाइ  सबै वडामा विस्तार गरिनेछ ।
- शैक्षिक वेरोजगार युवालाइ आधुनिक तथा ब्यवसायीक कृषि संग जोड्न  युवा संगको लागत साझेदारीमा सामुहीक कृषि ब्यवसाय संचालन गर्न युवा स्वरोजगार चकीय कोषको कार्यकम संचालन गरीनेछ । यस कार्यकमको लागी निजि तथा वित्तिय क्षेत्रलाइ सहभागी गराउन आकर्षण गर्ने निति लिइनेछ ।
- ब्यवसायीक रुपमा विउ विजन उत्पादन गर्न चाहाने कृषकलाइ वजारको ग्यारेन्टी गरी प्याकेजिङ र ब्रान्डिङ्गमा सहयोग गर्ने कार्यकम संचालन गरीनेछ ।
- वदेल लगायकतका जंगली जनवारको क्षतीको कारणवाट कृषि ब्यवासयमा छाएको नैरास्यता न्युनिकरण गर्नको लागी कृषि विमामा आर्कषण गर्न विमाको  प्रिमियममा  अनुदानको ब्यवस्था गरीनेछ ।
- कृषकको मनोवल उच्च राख्न  अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यकम सुरु गरीनेछ ।

**(ख) उद्योग तथा वाणिज्य :**

- गाउँपालिकाको पाँच वर्षे उघम विकास रणनितिक गुरुयोजना तयार गरिनेछ ।
- यस गा.पा.भित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो सिप विकासका कार्यक्रम बनाईने छ ।
- खानीजन्य उद्योगको पहिचान र उत्खनन्का लागी संघ ,प्रदेश लगायत निजी क्षेत्रको सहयोगमा सम्भाब्यता अध्ययन गर्ने निती अवलम्वन गरिने छ ।
- परम्परागत घट्ट लाइ स्तरीकरण गर्ने कार्यकम ल्याइनेछ ।
- यस गा.पा. भित्र रहेका उद्योग र ब्यवसायलाई ब्यवस्थित गरि करको दायरामा ल्याईने छ ।
- साना तथा मझौला उद्योग संचालन गर्ने चाहाने आन्तरीक तथा वाह्य लगानीकर्तालाइ दर्ता सुल्क तथा ३ वर्ष सम्मको कर निसुल्क गरीनेछ ।
- ठुला उद्योग संचालन गर्न चाहाने ब्यवसायीलाइ निसुल्क जग्गा उपलब्ध गराउन सहजिकरण गरीने छ ।

**(ग) पर्यटन तथा संस्कृती :**

- यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति लिइने छ ।
- यस गा.पा. भित्रका सबै ऐतिहासिक, पर्यटकिय तथा धार्मिक स्थलको स्रब्य दृष्य सामाग्री तयार गरी राष्टिय तथा अन्तराष्टिय रुपमा प्रसार प्रचार गरीनेछ ।
- अजयमेरुकोट देवल, दूर्गा भगवती, जगन्नाथ, डागेश्वरी, कोला समैजी ,गंगेश्वर हसंराज लगायतका स्थानको समग्र गुरु योजना निर्माण गर्ने काय क्रमश सञ्चालन गरिने छ ।
- पर्यटन स्थल पहुँच मार्ग निर्माण विस्तार तथा स्तरीकरणमा जोड दिइने छ ।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- यस आ.व.मा होम स्टे कार्यकमको सुरुवात गरीनेछ ।
- गन्तव्य अजयमेरु कार्यकमको सुरुवात गरीनेछ साथै पर्यटन ब्यवसायीको सहयोगमा अजयमेरु भ्रमण प्याकेज निर्माण गरीनेछ ।
- जनयुद्ध कालीन अवस्थाका निर्मित संरचनाको विकास गरिने छ ।
- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्न संग्रहालय स्थापना कार्यको सुरुवात गरिने छ ।
- एक वडा एक पार्कको कार्यक्म संचालन गरीनेछ ।

**(घ) सहकारी :**

- गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्त्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्ने निती लिइनेछ ।
- कृषि सहकारी गठन, पुर्नगठन, विस्तार  गरि कृषिलाई सहकारीसँग जोड्ने नीति अवलम्बन गरिने छ ।
- सहकारी सुशासन तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गरिने छ ।
- विगतका  अनुदानमा संचालीत सुपथ मुल्यका सहकारी पसलको खोज गरी ब्यवस्थीत गरीनेछ ।
- गाउँपालिका भित्रका विधुत सेवा ग्राहीको मशसुल संकलन गरी  जिल्लामा बुझाउने कार्यमा सहजीकरण गर्ने सहकारी संस्थालाइ यातायात तथा संकलन खर्चमा सहयोग गरिनेछ ।

**(ङ) वित्तीय क्षेत्र :**

- यस गाउपालिका भित्र थप वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।
- गाउपालिका भित्र वित्तीय क्षेत्रको लागि लगानी भित्र्याइने छ ।
- वित्तीय संस्थालाइ ब्यवसायीक कृषि तथा अन्य आयमुलक कार्यमा ऋण लगानी तथा अनुदान गर्न सहजीकरण गरीनेछ ।

## २ सामाजिक क्षेत्र

**(क) शिक्षाः**

- शिक्षामा सवैको पहुँच पुर्‍याउदै प्राविधिक, व्यवसायिक र अँग्रजि माध्यमको पढाइ सञ्चालन गर्ने नीति तथा कार्यक्रमलाइ यस वर्ष पनि निरन्तरता दिइने छ ।
- शैक्षिक गुणस्तर अबिवृद्धि गर्ने उदेश्यले लागत सहभागिताका आधारमा यसै आ.व. वाट नमुना विद्यालय स्थापना कार्यक्रम संचालन गरीनेछ ।
- वार्षिक रुपमा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यालयलाइ अनुदान दिने निति लिइनेछ ।
- वालविकास र सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष व्यवस्थित र परिमार्जित गरी समुदायमा संचालीत वाल विकासलाइ क्रमस  विधलयमा गाभीने निती लिइनिछ ।
- वालविकास लाइ मुल्याकंनमा आधारीत वनाइनेछ ।
- शिक्षा सुधारका लागि गाउँ शिक्षा नीतिलाइ समय सापेक्ष बनाइने छ ।
- प्राविधिक विद्यालयलाई प्रभावकारी ढंगले संचालन गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- नयाँ प्राविधिक विद्यालय संचालन गर्ने विद्यालयलाई विशेष अनुदान सहयोग गरिने छ ।

- भिन्न क्षमता भएका विद्यार्थीको तथ्याङ्क संकलन गरि अध्ययनका लागि प्रोत्साहन दिइने छ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम गरिने छ।
- विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गरिने छ।
- शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अर्न्तरकिया गरीनेछ।
- विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि तथा गोष्ठि संचालन गरिने छ।
- टुहुरा र जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ती दिईनेछ।
- शैक्षिक गुणस्तर अबिधृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारीको मनोवल उच्च राख्न तालिम तथा कार्यसम्पादनमा आधारीत प्रोत्साहान प्रणाली लागु गरीनेछ।
- शिक्षक  अभावको समस्यालाइ न्युनिकरण गर्न कार्यविधी वनाइ स्वयमसेवा शिक्षक कार्यकम लागु गरीनेछ। साथै स्वयसेवक शिक्षा राख्न सहयोग गर्न निजि क्षेत्र तथा संस्थालाइ सार्वजनीक आह्वान गरीनेछ।

**(ख) स्वास्थ्य**

- स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने छ।
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा  सं्चालीत सामुदायिक स्वास्थ्य इकाइ लाइ निरन्तरता दिइनेछ।
- No More Home Delivery कार्यक्रम प्रभावकारी ढँगले अगाडी बढाइनेछ।
- मोवाइल भिडियो एक्सरे सेवा सुरु गरीनेछ।
- स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी वनाइने छ
- सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित  स्वस्थ्यकमी भेटघाट कार्याकम अघि बढाइनेछ।
- स्वास्थ्य सेवालाइ थप प्रभावकारी वनाउन विशेसज्ञ डाक्टर सहितको स्वास्थ्य शिवीर र योग शिविर गरिनेछ।
- निसुल्क औषधी वितरण कार्यकम वनाइ केहि ससुल्क औषधी निसुल्क वितरण गरिनेछ।

**(ग) खानेपानी तथा सरसफाई :**

- खानेपानीमा सवैको सहज पहुँच पुर्‍याउँदै स्वच्छ खानेपानी पुर्‍याउने नीति अवलम्बन गरिनेछ।
- पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्ने कुराको आधार बनाउने नीति अवलम्बन गरिनेछ।

- एक घर एक धाराको नीति प्रभ्रावकारी वनाइनेछ ।
- पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गरिनेछ ।
- पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्द्धनको नीति लिइनेछ ।
- फोहोरलाई जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- केन्द्र, प्रदेश, गाउँपालिकाको आफ्नै लगानी वा साझेदार संस्था मार्फत खानेपानी योजना निर्माण गरिनेछ ।
- साझेदार संस्था मार्फत पूर्ण सरसफाई गुरु योजना निर्माण गरिनेछ ।
- बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन कार्यक्रम ल्याइनेछ ।
- खानेपानीको सहज पहुचको लागी डिप वोरिङ प्रविधिको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा लगीनेछ ।

### (घ) खेलकुद तथा मनोरञ्जन

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीति अवलम्बन गरिनेछ ।
- समग्र खेलकुद कार्यकमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति निर्माण गरीनेछ ।
- खेलकुद विकासका लागि राष्ट्रिय स्तरको बहुद्येशिय खेल मैदान निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको आफ्नै योजना वा अन्य साझदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय अध्यक्ष रनिङ सिल्ड प्रतियोगिता आयोजना गरिनेछ ।
- यस गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुको सम्मान गर्दै, उनीहरुको अनुभवको भरपुर उपयोग गरिनेछ ।

### (ङ) लैङ्गिक समानता र समावेशीकरण

- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।
- महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यकम संचालन गरीने छ ।
- एकल महिलासँग गाउँ सरकार कार्यक्रम मार्फत आय आर्जनका कार्यक्रम लागू गरिनेछ ।
- दलित, विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम लागू गरिनेछ ।

- "ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम" अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ निरनतरा दिइनेछ।

## ३. भौतिक पूर्वाधार विकास

### (क) स्थानीय सडक र पुलः

- समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीति लिइनेछ।
- हरित सडक, पर्यटन सडक, वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ।
- खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडाइ विस्तार गरिनेछ।
- अधुरा सडकहरुलाई गन्तव्यमा पुऱ्याइनेछ।
- साझेदार निकायहरुको खोजी गरि पूर्वाधारको क्षेत्रमा लगानी भित्र्याइनेछ।
- निर्माणाधिन सडक पुलहरुलाई यसै आ.व. मा सम्पन्न गराइनेछ साथै अन्य मुख्यमुख्य खोलामा समेत पुल निर्माण प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।
- मुख्य सडकको स्तरोन्ती गने काम संघ र प्रदेशसंगको सहकार्यमा समपुरक कोष मार्फत अघि वढाइनेछ।
- चौडा विस्तार गरीएका सडकहरुको ग्ग्रावेलिङ कार्य यसै आ.व.मा सुरु गरीनेछ।

### (ख) सिंचाई

- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ।
- अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गरिनेछ।
- आधुनिक(लिफ्ट तथा डिप ) प्रविधि भित्र्याउन केन्द्र सरकार तथा साझेदार संस्थासँग पहल गरिनेछ।
- ठुला र मझौला सिचाइ निर्माण गर्न संघ र प्रदेशसंग पहल गरनिछ।।

### (ग) भवन तथा सहकारी विकास

- भवन निर्माण आचार संहिता -२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति ल्याइनेछ।
- यस गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको भवन निर्माण यसै आ.व.बाट प्रारम्भ गरिनेछ।

## (घ) उर्जा तथा लघु जलविद्युत

- विद्युतीकरण शत प्रतिशत पऱ्याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ ।
- घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।
- वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरीने छ ।
- सौर्य सडक वत्ति कार्यक्रम संचालन गरिनेछ । साथै मठ मन्दिर हरुमा समेत सौर्य वत्ति जडान गरिनेछ ।

## (ङ) सञ्चार

- नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्ने ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ ।
- शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यगरिनेछ ।
- यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट थप प्रभावकारी वनाइनेछ
- नागरिकहरुलाई सूचनामा सहज पहुँच पुऱ्याउन एफ.एम. सञ्चालनका लागि अनुदान उपलब्ध गराइनेछ ।

## (४). वन ,वातावरण तथा विपद व्यवस्थापन

- बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।
- विपद व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।
- खोटो संकलनलाई व्यवस्थित गरिनेछ ।
- "अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम" मार्फत सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गरिनेछ साथै बहुउदेशीय नर्सरी निर्माण कार्यलाइ निरन्तरा दिइनेछ ।
- निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन कार्यकमलाइ निरन्तरता दिइनेछ ।
- Sanitary Landfill Site को निर्माणका लागि स्थान पहिचान गरी निर्माण सुभारम्भ गरिनेछ ।
- प्रत्येक घरले कम्तीमा घर परिवारको सदस्य संख्या बराबर हिउँदे तथा बर्षे फलफुलको विरुवा अनिवार्य रोपण कार्यक्रम लागू गरिनेछ ।
- वन्यजन्तुको क्षती लाइ न्यूनिकरण गर्न कृषि विमा तथा अन्य उपाय अवलम्वन गरीनेछ ।

- वन जन्य उद्योग स्थापना तथा सामुदायीक वन तथा कबुलियती वनमा जडिवुटि खेती गर्न र ढलापडा काठ ब्यवस्थीत गर्न प्रोत्साहान गरिनेछ ।
- प्रत्येक विद्यालयको हाताभित्र एक विद्यार्थि एक विरुवा कार्यक्रम मार्फत वृक्षारोपण कार्यक्रम गरीनेछ ।

## (५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

- व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गरिनेछ ।
- सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गरिनेछ ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।
- सम्पुर्ण कर्मचारीको मनोवलमा उच्च राख्न पुरस्कार र दण्डमा आधारीत प्रोत्साहान प्रणाली लागु गरिने छ ।
- एकिकृत सम्पती कर लागु गरी सम्पुर्ण राजश्व प्रणलीलाइ कम्पुटराइज्ड गरिने छ ।
- टोकन प्रणाली लागू गरिनेछ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका जस्ता विधिहरु अवलम्बन गरिनेछ ।
- करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ ।
- “जनतासंग सरकार” को नारा अन्तरगत महिनाको एकचोटी फरकफरक ठाउँमा घुम्ती शिविर आयोजना गरिने छ ।

## (६) विविध

(क) भुमी :

गा.पा.भित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गरिनेछ ।

बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती अवलम्बन गरिनेछ ।

- गुठी जग्गा ब्यवस्थापनका लागी आबश्यक पहल लिईनेछ ।
- डिजिटल जग्गा नापजाँच गर्न आव्रयक पहल गरिनेछ ।
- दर्ता जग्गा लामो समयसम्म वाझो राख्ने जग्गा धनिलाइ जरिवाना तथा ठुलो मात्रमा ब्यवसयीक कृष ीगर्ने कृषकलाइ करमा सहुलियत दिइने निती अवलम्वन गरिने छ ।

**(ख) अन्य**

- यस गाउँपालिका भित्र कार्यक्रम रहेका गै.स.स.हरुलाई गाउँ सभाबाट कार्यक्रम स्वीकृत गराएर मात्रै सञ्चालन गराइनेछ ।
- गै.स.स.का कार्यक्रमहरुलाई नियमन तथा अनुगमनको दायरामा ल्याइनेछ ।
- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत कार्यालय, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती अवलम्वन गरिने छ ।
- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ ।
- वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी गर्ने निति लिइने छ ।
- योजनालाइ अनुदानमा आधारीत नभै अभियानमा अभारीत वनाइने छ ।
- अति विपन्न परिचयपत्र वितरण गरी अति विपन्न परिवारलाइ नुन, तेल र चिनीमा सहुलियत अनुदान दिइने कार्यकमको सुरुवात गरीने छ ।

अन्त्यमा,

यस निति तथा कार्यकमको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य , भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा चौधौ त्रिवर्षिय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत निति तथा कार्यकम वनाउन मार्ग दर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्ष ज्यु वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने राजनितीक दल ,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, शिक्षक, सामाजिक संगठनहरु पत्रकार र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यकमको कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद

अध्यक्ष

उमेश प्रसाद भट्ट

अजयमेरु गाउँपालिका